# सूर्यगढी गाउँपालिका


## स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/०२/३२


## भाग-२

## सूर्यगढी गाउँपालिका

सूर्यगढी गाउँपालिकाको सूर्यगढी गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०८१ सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०२/३१**

**सम्बत २०८१ सालको कार्यविधि नं.: २**

## खण्ड ५

## सूर्यगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको सूचना

## सूर्यगढी गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०८१

सूर्यगढी गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई संसोधन गर्न वाञ्छनिय भएकाले उक्त कार्यविधिको दफा ३५ ले दिएको अधिकार प्रयोग गरी सूर्यगढी गाउँकार्यपालिकाले देहाएको कार्यविधिहरु बनाएको छ,

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सूर्यगढी गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन (पहिको संसोधन) कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. सूर्यगढी गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ (यसपछि मुल कार्यविधि भनिएको) को दफा २ को खण्ड (ज) पछि देहाएको खण्ड (झ) राखिएको छ।

(झ) "नगर प्रहरी उपसंयोजक" भन्नाले नगर प्रहरी संयोजक मातहत रहने तथा नगर प्रहरी जवानहरुलाई कमाण्ड गर्ने नगर प्रहरी सम्झनु पर्छ।

३. मुल कार्यविधिको दफा ५ को उपदफा १ को खण्ड (ख) पछि देहाएको खण्ड (ख) राखिएको छ।

खण्ड (ख) नगर प्रहरी उपसंयोजक

४. मुल कार्यविधिको दफा ८ को खण्ड (क) पछि देहाएको खण्ड (ख) राखिएको छ।

खण्ड (ख) नगर प्रहरी उपसंयोजक

५. मुल कार्यविधिको दफा १० को उपदफा १ को सि.नं. १ पछि देहाएको सि.नं. २ थपिएको छ।

सि.नं. २ नगर प्रहरी उपसंयोजक १००% १००%

६. मुल कार्यविधिको दफा ११ उपदफा १ को नगर प्रहरी संयोजक पछि देहाएका शब्दहरु थपिएको छ।

नगर प्रहरी उपसंयोजक

७. मुल कार्यविधिको दफा १३ को खण्ड (ख) पछि देहाएका शब्दावलीहरु राखिएको छ।

करार सेवाद्वारा पदपुर्ति हुने सेवाहरुमा अन्तरवार्ता सञ्चालन गर्ने।

८. मुल कार्यविधिको दफा २८ को उपदफा १ को खण्ड (क) को नगर प्रहरी संयोजक भन्ने शब्दहरुपछि नगर प्रहरी उपसंयोजक राखिएको छ।

आज्ञाले,
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत